**<u>प्रतिवेदनमा प्राप्त संशोधन प्रस्तावहरु</u>**

(प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ११३ सँग सम्बन्धित)

नामः **प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९**

**<u>संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्य (दर्ताक्रम अनुसार)</u>:**

| द.नं. | माननीय सदस्यको नाम, थर |
|---|---|
| १. | मा. श्री सुमना श्रेष्ठ |
| २. | मा. श्री प्रतिमा गौतम |
| ३. | मा. श्री श्याम कुमार घिमिरे |
| ४. | मा. श्री आरजु राणा देउवा |
| ५. | मा. श्री राजेन्द्र कुमार केसी, मा. श्री संजय कुमार गौतम |
| ६. | मा. श्री रामहरि खतिवडा |
| ७. | मा. श्री पूर्ण बहादुर घर्ती |
| ८. | मा. श्री अम्मर बहादुर थापा, मा. श्री भानुभक्त जोशी |
| ९. | मा. श्री रेखा यादव |
| १०. | मा. श्री सन्तोष परियार |
| ११. | मा. श्री प्रेम सुवाल |
| १२. | मा. श्री रुपा सोसी चौधरी, मा. श्री नारायणी शर्मा |
| १३. | मा. श्री माधव सापकोटा |
| १४. | मा. श्री दामोदर पौडेल बैरागी |
| १५. | मा. श्री चन्द्र कान्त राउत |

**<u>संशोधनको विवरणः</u>**

| क्र.स. | संशोधन प्रस्तुतकर्ता | विधेयकको नियम | संशोधनको व्यहोरा |
|---|---|---|---|
| १. | मा. श्री प्रेम सुवल | २ | <u>प्रतिवेदनको नियम २ मा संशोधनः</u><br>• खण्ड (ग) पछि देहायबमोजिमको खण्ड (घ) थप गरी अन्य खण्डहरुलाइ सोही बमोजिमको खण्डक्रम मिलाउनुपर्ने ।<br>"(घ) "कार्य व्यवस्था परामर्श समिति" भन्नाले जतिसुकै सदस्य भए पनि प्रतिनिधित्व गरेका सबै राजनीतिक दललाई समेटिएको समितिलाई सम्झनु पर्छ।"<br>• खण्ड (छ) पछि देहायबमोजिमको खण्ड (ज) थप गरी अन्य खण्डहरुलाइ सोही बमोजिमको खण्डक्रम मिलाउनुपर्ने ।<br>"(ज) "प्रमुख विपक्षी दल" भन्नाले प्रतिनिधि सभामा सदस्य संख्या जतिसुकै भए पनि प्रधानमन्त्रीलाई विश्वासको मत नदिने सबैभन्दा ठूलो दललाई सम्झनु पर्छ।"<br>• खण्ड (न) पछि देहायबमोजिमको खण्ड (प) थप गरी अन्य खण्डहरुलाइ सोही बमोजिमको खण्डक्रम मिलाउनुपर्ने ।<br>"(प) "सन्धिको मस्यौदा" भन्नाले नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौता गर्नुअघि प्रतिनिधिसभामा पेश भएको मस्यौदा सम्झनु पर्छ"। |
| २. | मा. श्री पूर्ण बहादुर घर्ति | २ | प्रतिवेदनको नियम २ को खण्ड (च) को "पदाधिकारी" को परिभाषा अन्तर्गत "संघीय संसदको महासचिव र सचिव" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| ३. | मा. श्री रुपा सोसी चौधरी, | २ | प्रतिवेदनको नियम २ मा देहायबमोजिमको खण्ड (ग) थप गरी अन्य खण्डहरुलाइ सोही |

| | | | |
|---|---|---|---|
| | मा. श्री नारायणी शर्मा | | बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>“(ग) “आकस्मिक समय" भन्नाले सभा चल्नु भन्दा २४ घण्टा अगाडि वा सभा चलिरहेको समयमा सार्वजनिक रुपमा महत्व राख्ने समसामयिक महत्वपूर्ण घटना बारे सभामा राख्न सभामुखको अनुमति लिएर बोल्ने समय भनेर बुझ्नुपर्छ।” |
| ४. | मा. श्री पूर्ण बहादुर घर्ति | ५ | प्रतिवेदनको नियम ५ को उपनियम (२) पछि देहायबमोजिमको उपनियम (३) को व्यवस्था गर्नुपर्नेः<br>“(३) सम्वन्धित दलले दिएको आफ्नो दल सदस्यको मर्यादाक्रम अनुसार सम्पूर्ण सदस्यहरुको नाम सहितको वस्ने व्यवस्था सचिवालयले मिलाउने छ।” |
| ५. | मा. श्री पूर्ण बहादुर घर्ति | ६ | प्रतिवेदनको नियम ६ को उपनियम (६) पछि देहायबमोजिमको उपनियम (७) को व्यवस्था गर्नुपर्नेः<br>“(७) संसदको व्यवस्थापकीय कार्यलाई व्यवस्थित गर्न विद्युतिय माध्यम (E-legislation) को व्यवस्था गरिनेछ।” |
| ६. | मा. श्री प्रेम सुवाल | ६ | <u>प्रतिवेदनको नियम ६ मा संशोधनः</u><br>• उपनियम (१) मा “बस्नेछ” भन्ने शब्द पछि “सदस्यहरूलाई आ–आफ्नो निर्वाचन क्षेत्रका जनताबीच कार्यक्रम गर्न सहज बनाउन कम्तिमा पन्ध्र दिनभित्र बस्ने बैठकको दिन पूर्वनिर्धारण गरिने छ”<br>• उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांशमा “पनि” भन्ने शब्द पछि “बैठक” भन्ने शब्द थप गर्नु पर्ने ।<br>• उपनियम (५) मा “बैठक” भन्ने शब्द पछि “प्रधानमन्त्रीले खटाएका” भन्ने शब्दहरु थप गर्नु पर्ने साथै सोही उपनियमको “पर्नेछ” भन्ने शब्द पछि “प्रधानमन्त्री देशभित्र रहेको समयमा काबुभन्दा वाहिरको स्थितिबाहेक एक दिन विराएर अनिवार्य उपस्थित हुनु पर्नेछ।” भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| ७. | मा. श्री दामोदर पौडेल बैरागी | ६ | प्रतिवेदनको नियम ६ को उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको “एक” भन्ने शब्दको सट्टा “दुई” भन्ने शब्द राख्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| ८. | मा. श्री दामोदर पौडेल बैरागी | ७ | प्रतिवेदनको नियम ७ को उपनियम (९) मा "उपनियम (१)" भन्ने शब्द पछि "सदन बसेको" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| ९. | मा. श्री प्रेम सुवाल | ११ | प्रतिवेदनको नियम ११ मा "गैरसरकारी कार्यसूची" र "सरकारी कार्यसूची" बारे स्पष्टिकरणमा लेख्नुपर्ने । |
| १०. | मा. श्री सुमना श्रेष्ठ | १२ | प्रतिवेदनको नियम १२ को उपनियम (२) पछि देहायको उपनियम (३) थप गर्नु पर्नेः<br>"(३) कार्यसूची तैयार गर्दा प्रत्येक ३ घण्टामा खाजाको लागि १ घण्टा विश्राम समय राखिनेछ। तर विशेष अवस्थामा सभामुखको निर्देशन अनुसार विश्राम समय, अविधि हेरफेर वा खारेज पनि गर्न सकिनेछ।" |
| ११. | मा. श्री दामोदर पौडेल बैरागी | १२ | प्रतिवेदनको नियम १२ को उपनियम (१) मा "प्रत्येक दिनको" भन्ने शब्दहरु पछि "सम्भावित" भन्ने शब्द थप गर्नु पर्ने साथै सोही उपनियमको "एक प्रति" भन्ने शब्दहरुको सट्टा "जानकारी" भन्ने शब्द राख्नु पर्ने साथसाथै सोही उपनिमयको "एक दिन अगावै" भन्ने शब्दहरुको पछि "विद्युतीय माध्यम मार्फट" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| १२. | मा. श्री राजेन्द्र कुमार केसी, मा. श्री संजय कुमार गौतम | १३ | प्रतिवेदनको नियम १३ को उपनियम (३) पछि देहायबमोजिमको उपनियम (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) यस नियमावलीमा सभामुखले गर्ने भनि उल्लेख गरिएका कार्य सभामुखले कार्यव्यवस्था समितिको बैठकबाट निर्णय गरी गर्नुपर्नेछ" |
| १३. | मा. श्री रामहरि खतिवडा | १३ | प्रतिवेदनको नियम १३ को उपनियम (३) पछि देहायबमोजिमको उपनियम (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) यस नियमावलीमा सभामुखले गर्ने भनि उल्लेख गरिएका कार्य सभामुखले कार्यव्यवस्था समितिको बैठकबाट निर्णय गरी गर्नुपर्नेछ" |
| १४. | मा. श्री अम्मर बहादुर थापा, मा. श्री भानुभक्त जोशी | १३ | प्रतिवेदनको नियम १३ को उपनियम (३) पछि देहायबमोजिमको उपनियम (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) यस नियमावलीमा सभामुखले गर्ने भनिएका काम कार्यव्यवस्था परामर्श समितिको निर्णय अनुसार मात्र गर्नेछन्" |

| | | | |
|---|---|---|---|
| १५. | मा. श्री रेखा यादव | १३ | प्रतिवेदनको नियम १३ को उपनियम (३) पछि देहायबमोजिमको उपनियम (४) को व्यवस्था गर्नु पर्नेः<br>“(४) यस नियमावलीमा सभामुखले गर्ने भनि उल्लेख गरिएका कार्य सभामुखले कार्यव्यवस्था समितिको बैठकबाट निर्णय गरी गर्नुपर्नेछ” |
| १६. | मा. श्री रुपा सोसी चौधरी, मा. श्री नारायणी शर्मा | १३ | प्रतिवेदनको नियम १३ को उपनियम (३) पछि देहायबमोजिमको उपनियम (४) थप गर्नु पर्नेः<br>“(४) उपनियम (१) र (२) बमोजिमको कार्यव्यवस्था परामर्श समितिको बैठकको निर्णय अनुसार सभामुखले सभालाई यस नियमावलीमा उल्लेख भए अनुसार व्यवस्थित रुपले अगाडि बढाउने काम गर्नु हुनेछ” |
| १७. | मा. श्री माधव सापकोटा | १३ | प्रतिवेदनको नियम १३ को उपनियम (३) पछि देहायबमोजिमको उपनियम (४) थप गर्नु पर्नेः<br>“(४) उपनियम (१) र (२) बमोजिमको कार्यव्यवस्था परामर्श समितिको बैठकको निर्णय अनुसार सभामुखले सभालाई यस नियमावलीमा उल्लेख भए अनुसार व्यवस्थित रुपले अगाडि बढाउने काम गर्नु हुनेछ” |
| १८. | मा. श्री सन्तोष परियार | १४ | नियम १४ को उपनियम (१) मा “छलफल गर्न” भन्ने शब्दहरु पछि “कार्यव्यवस्था परामर्श समितिको बैठक डाकी छलफल गरी” भन्ने शब्दहरु थप गर्नुपर्ने । |
| १९. | मा. श्री प्रेम सुवाल | १४ | प्रतिवेदनको नियम १४ को उपनियम (१) मा “तोक्नेछ” भन्ने शब्द पछि “कुनै प्रस्तावमाथिको छलफलमा राजनीतिक दलका प्रतिनिधिहरूलाई १० –१० मिनेटको समय दिइने छ भने पूर्वप्रधानमन्त्रीलाई १२ मिनेटसम्म दिइने छ” भन्ने वाक्यांश थप गर्नु पर्ने । |
| २०. | मा. श्री प्रेम सुवाल | १५ | प्रतिवेदनको नियम १५ को उपनियम (१) मा “तोक्नु पर्नेछ” भन्ने शब्दहरु पछि “राजनीतिक दलका प्रतिनिधिलाई शून्य समय २ मिनेट र ढ्यापढ्याप वा विशेष समय ७ मिनेट दिइने छ ।” भन्ने वाक्यांश थप गर्नु पर्ने । |
| २१. | मा. श्री रुपा सोसी चौधरी, मा. श्री नारायणी शर्मा | १५ | <u>प्रतिवेदनको नियम १५ मा संशोधनः</u><br>• शिर्षकको सुरुमा “आकस्मिक” भन्ने शब्द थप गर्नु पर्ने ।<br>• उपनियम (१) मा “सभामुखले” भन्ने शब्द पछि “आकस्मिक समय” भन्ने शब्दहरु थप गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| | | | • उपनियम (२) मा “बमोजिमको” भन्ने शब्द पछि “आकस्मिक समय” भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| २२. | मा. श्री माधव सापकोटा | १५ | प्रतिवेदनको नियम १५ मा देहायबमोजिमको व्यवस्था गर्नु पर्नेः<br>“यस अघि प्रतिनिधि सभामा “ढ्यापढ्यापे” समयका रुपमा तजबिजबाट प्रयोग हुँदै आएको समयलाई नियमावलीमा नै व्यबस्थ गरी शून्य समय र विशेष समयको अघि “आकस्मिक समय” का रुपमा प्रयोगमा ल्याउने”<br>“सभा सञ्चालन अघि सभामुख संगको परामर्शमा आकस्मिक समय निर्धारण गरी प्रयोगको व्यवस्था गर्ने।” |
| २३. | मा. श्री दामोदर पौडेल बैरागी | १५ | प्रतिवेदनको नियम १५ को उपनियम (१) मा रहेको “तोक्नु पर्नेछ” भन्ने शब्दहरुको सट्टा “तोक्न सक्नेछ” भन्ने शब्दहरु राख्नु पर्ने । |
| २४. | मा. श्री प्रेम सुवाल | २२ | प्रतिवेदनको नियम २२ को खण्ड (क) मा रहेको “वा इशारा गरेको” भन्ने शब्दहरु हटाउनु पर्ने । |
| २५. | मा. श्री प्रेम सुवाल | २२ | प्रतिवेदनको नियम २२ को खण्ड (घ) मा “सदस्यलाई” भन्ने शब्द पछि “सभामुखले उत्तर दिन समय दिने छ” भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| २६. | मा. श्री प्रेम सुवाल | २३ | प्रतिवेदनको नियम २३ को उपनियम (२) मा “गर्नु पर्नेछ” भन्ने शब्दहरु पछि “सभामुखले राजनीतिक दलको सदस्य संख्या हेरेर आदेश दिइने छैन” भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| २७. | मा. श्री प्रेम सुवाल | २९ | प्रतिवेदनको नियम २९ को उपनियम (१) मा “कुनै पनि राजनीतिक दलका प्रतिनिधि सदस्यले आफ्नो स्थानमा उभिएर कुनै निर्णयमा मत विभाजनको माग गरेमा सोहीवमोजिम मत विभाजन गरिने छ” भन्ने व्यवस्था थप गर्नु पर्ने । |
| २८. | मा. श्री प्रेम सुवाल | ५० | प्रतिवेदनको नियम ५० को उपनियम (१) को सट्टा देहायबमोजिमको उपनियम (१) को व्यवस्था गर्नु पर्नेः<br>“(१) सभामुखले सदस्यबाट पेश भएको नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल नहुने गरी पेश भएको प्रश्न वा प्रस्तावलाई अस्वीकार गर्ने छैन।” |

| | | | |
|---|---|---|---|
| २९. | मा. श्री प्रेम सुवाल | ६२ | प्रतिवेदनको नियम ६२ को उपनियम (१) मा देहायबमोजिमको खण्ड (क) थप गरी अन्य खण्डहरुलाइ सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>“(क) सदस्यले कानुनभित्र रहेर मूल प्रस्तावको सिद्धान्त विपरीत पनि संशोधन पेश गर्न सक्ने छ । सभामुखले संशोधनको भाषा शिष्ट बनाउन लगाई संशोधन स्वीकार गर्ने छ।” |
| ३०. | मा. श्री प्रेम सुवाल | ६८ | प्रतिवेदनको नियम ६८ को “प्रस्तावको सूचना” शिर्षक अन्तर्गत “पर्नेछ” भन्ने शब्द पछि देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>“सरकारले देहायवमोजिमका प्रस्तावलाई प्राथमिकतामा राखी पारित गर्ने छः-<br>“(क) नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती खारेजी सम्वन्धि”,<br>“(ख) नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल–भारत सन्धि खारेजी सम्वन्धि”,<br>“(ग) नेपालको हितविपरीतका कोशी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रो, पश्चिम सेती सम्झौता खारेजी सम्वन्धि”,<br>“(घ) वर्तमान र भविष्यको अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता खारेजी सम्वन्धि”<br>“(ङ) अमेरिकी सेनाले नेपाली सेनाको व्यारेक कब्जा गर्ने एसपीपी समझदारी खारेजी सम्वन्धि”,<br>“(च) एशियामा तेस्रो विश्वयुद्ध गराउने गरी संयुक्त राष्ट्र संघमा युक्रेन र अमेरिकाको पक्षमा दिएको मत फिर्ता लिने सम्वन्धि”,<br>(छ) IAEA को निष्पक्षतामाथि प्रश्न उठेको हुँदा यो अन्तर्राष्ट्रिय नियोगमा नेपालको सदस्यता फिर्ता सम्वन्धि”,<br>“(ज) दक्षिण एशियाको विद्युत ग्रीड सञ्चालन भारतको दिल्लीमा राख्ने वहुपक्षीय सन्धिबाट नेपाल फिर्ता हुने सम्वन्धि।” |

| | | | |
|---|---|---|---|
| ३१. | मा. श्री प्रेम सुवाल | ९४ | प्रतिवेदनको नियम ९४ को उपनियम (१) मा “पेश गर्नेछ” भन्ने शब्दहरु पछि “अध्यादेश फिर्ता गरिएमा वा संसद शुरु भएको साठी दिनभित्र पारित नभएमा निष्प्रभावी हुने छ” भन्ने वाक्यांश थप गर्नु पर्ने । |
| ३२. | मा. श्री प्रेम सुवाल | १०० | प्रतिवेदनको नियम १०० को उपनियम (२) पछि देहायबमोजिमको उपनियम (३) थप गर्नु पर्नेः<br>“(३) सरकारले संविधानको मौलिक हकका व्यवस्थाहरू कार्यान्वयन गर्न आवश्यक विधेयकहरू प्राथमिकतामा राखेर संसदमा पेश गरी पारित गर्ने छ । खवप विश्वविद्यालय विधेयक चालू आ.व. भित्र पारित गरिने छ।” |
| ३३. | मा. श्री सुमना श्रेष्ठ | १०४ | प्रतिवेदनको नियम १०४ को सट्टा देहायबमोजिमको नियम १०४ को व्यवस्था गर्नु पर्नेः<br>“१०४ **<u>विधेयकको वितरण</u>** : सचिवालयमा विधेयक दर्ता भएपछि सदस्यलाई वितरण गर्नु पर्नेछ।<br>(१) सभाको वेभसाइटमार्फत सोही कार्यदिनमा उपलब्ध गराइनेछ।<br>(२) सरकारी विधेयकको हकमा दुई दिन र गैर सरकारी विधेयकको हकमा चार दिनभित्र प्रत्येक सदस्यलाई विधेयकको प्रति उपलब्ध गराइनेछ ।<br>(३) विधेयक मीतव्ययी तरिकाले छापिनेछ।” |
| ३४. | मा. श्री प्रेम सुवाल | १०८ | प्रतिवेदनको नियम १०८ को उपनियम (१) को सट्टा देहायबमोजिमको उपनियम (१) को व्यवस्था गर्नु पर्नेः<br>“(१) संसदमा पेश भएका सबै विधेयक र सन्धिलाई आम सञ्चारमार्फत सार्वजनिक गरी जनताको प्रतिकृया लिने छ।” |
| ३५. | मा. श्री सुमना श्रेष्ठ | ११२ | प्रतिवेदनको नियम ११२ मा “सामान्य छलफल समाप्त भएको” भन्ने शब्दहरु पछाडीको वाक्यांश हटाइ देहायबमोजिमो वाक्यांश थप गर्नु पर्नेः<br>“सामान्य छलफल समाप्त भएको एक सय चवालिस घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना सचिवलाई दिनु पर्नेछ । सामान्य छलफल सकिए पछि सचिवले संशोधन लिने म्याद, मिति र समय बारे लिखित सूचना जारी गर्नु पर्नेछ।” |
| ३६. | मा. श्री सुमना श्रेष्ठ | ११४ | प्रतिवेदनको नियम ११४ को उपनियम (२) मा “गराइनेछ” भन्ने शब्द पछि “र सोही |

| | | | |
|---|---|---|---|
| | | | कार्यदिनमा सभाको वेभसाइटमा पनि राखिनेछ" भन्ने वाक्यांश थप गर्नु पर्ने । |
| ३७. | मा. श्री दामोदर पौडेल बैरागी | १२९ | प्रतिवेदनको नियम १२९ को उपनियम (४) मा "सो कुराको" भन्ने शब्दहरुको सट्टा "सो को" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ३८. | मा. श्री प्रेम सुवाल | १४४ | प्रतिवेदनको नियम १४४ को उपनियम (१) मा "पर्नेछ" भन्ने शब्द पछि "प्रधानमन्त्री, मन्त्री, सांसद र सरकारका अधिकारीहरू आ–आफ्नो निर्वाचन क्षेत्रमा मात्र घरजग्गा किन्न पाउने र वसोवास गर्न पाउने छन् । यसको लागि आवश्यक बजेट व्यवस्था गरी सडक, विद्यालय, कलेज, अस्पताल र अन्य आवश्यक पूर्वाधार निर्माण गर्न प्राथमिकताका साथ बजेट राखी अर्थमन्त्रीले व्ययको अनुमान पेश गर्ने छ ।<br>विषादी भएको दाल, चामल, तरकारी तथा ग्यास भारतबाट आयात गर्न नपर्ने गरी आ–आफ्नो निर्वाचन क्षेत्रमा उत्पादन गर्ने र नेपालका नदी–नालाबाट नेपालकै लगानीमा जलविद्युत उत्पादन गरी खाना पकाउने ग्यास समेत आयात गर्न नपर्ने गरी बजेटको व्यवस्था गरिने छ" भन्ने वाक्य थप गर्नु पर्ने । |
| ३९. | मा. श्री प्रेम सुवाल | १४५ | प्रतिवेदनको नियम १४५ को उपनियम (५) मा "पर्नेछ" भन्ने शब्द पछि "संसदमा प्रत्येक सदस्यले उठाएका योजनालाई सम्वोधन हुने गरी बजेट विनियोजन गरिने छ ।<br>पार्टी नेता वा सांसदको दबाब वा प्रभावमा बजेट विनियोजन गर्ने मन्त्रीलाई मन्त्रिपरिषदबाट तत्काल हटाउने छ । सार्वजनिक ऋणको साँवा–ब्याज चुक्ता हुने गरी विनियोजन विधेयक तयार गरिने छ । विनियोजन विधेयकमा कृषि, शिक्षा, उर्जा र स्वास्थ्यलाई जोड दिएर बजेट व्यवस्था गरिने छ" भन्ने वाक्यांश थप गर्नु पर्ने । |
| ४०. | मा. श्री प्रेम सुवाल | १५८ | प्रतिवेदनको नियम १५८ मा "तीन महिना" भन्ने शब्द हरुको सट्टा "पन्ध्र दिन" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ४१. | मा. श्री प्रेम सुवाल | १६२ | प्रतिवेदनको नियम १६२ को उपनियम (६) मा "पाँच" भन्ने शब्दको सट्टा "दुई" भन्ने शब्द राख्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| ४२. | मा. श्री प्रेम सुवाल | १६६ | प्रतिवेदनको नियम १६६ को उपनियम (१) मा “यथाशीघ्र” भन्ने शब्दको सट्टा “तीन दिन” भन्ने शब्दहरु राख्नु पर्ने । |
| ४३. | मा. श्री प्रेम सुवाल | १६९ | प्रतिवेदनको नियम १६९ को उपनियम (९) मा “पाँच” भन्ने शब्दको सट्टा “एक” भन्ने शब्द राख्नु पर्ने । |
| ४४. | मा. श्री प्रेम सुवाल | १७३ | प्रतिवेदनको नियम १७३ मा समितिको नाम र कार्यक्षेत्रमा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>“समितिको नाम “अन्तर्राष्ट्रिय सम्वन्ध तथा मानव अधिकार समिति” राख्ने र कार्यक्षेत्रमा “प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, परराष्ट्र मन्त्रालय, लगानी बोर्ड, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय योजना आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग राख्ने” |
| ४५. | मा. श्री प्रेम सुवाल | १७३ | प्रतिवेदनको नियम १७३ को राज्य व्यवस्था तथा सुशासन समितिको कार्यक्षेत्रमा देहायबमोजिमको व्यवस्था राख्नु पर्नेः<br>“कार्यक्षेत्रमा गृह मन्त्रालय, रक्षा मन्त्रालय, संघीय मामिला मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग रहने” |
| ४६. | मा. श्री दामोदर पौडेल बैरागी | १७५ | प्रतिवेदनको नियम १७५ ले व्यवस्था गरेका उपनियमहरुको क्रम मिलाउनु पर्ने । |
| ४७. | मा. श्री प्रेम सुवाल | १७८ | प्रतिवेदनको नियम १७८ को उपनियम (१) मा देहायबमोजिमको खण्ड (क) को व्यवस्था गरी अन्य खण्डहरुलाइ सोही बमोजिमको खण्डक्रम मिलाउनु पर्नेः<br>“(क) समितिमा प्राप्त जनताको निवेदनबारे आवश्यक निर्णय गरी सम्वन्धित निकायलाई निर्देशन दिने।” |
| ४८. | मा. श्री दामोदर पौडेल बैरागी | १९२ | प्रतिवेदनको नियम १९२ को उपनियम (३) मा “तोक्नेछ” भन्ने शब्दको सट्टा “तोक्न सक्नेछ” भन्ने शब्दहरु राख्नु पर्ने । |
| ४९. | मा. श्री दामोदर पौडेल बैरागी | १९७ | प्रतिवेदनको नियम १९७ को उपनियम (२) मा “प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलको प्रतिनिधित्व हुने गरी” भन्ने शब्दहरुको सट्टा “प्रतिनिधि सभामा रहेको |

| | | | |
|---|---|---|---|
| | | | दलीय प्रतिनिधित्वको आधारमा" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ५०. | मा. श्री प्रेम सुवाल | २१६ | प्रतिवेदनको नियम २१६ को उपनियम (१) मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"तीन प्रतिशत मत प्राप्त नभएको भनी राजनीतिक दल र सदस्यलाई स्वतन्त्र सम्वोधन गर्नेमाथि कानुनी कार्वाई हुनेछ" |
| ५१. | मा. श्री चन्द्र कान्त राउत | २४१ | प्रतिवेदनको नियम २४१ को उपनियम (१) को सट्टा देहायबमोजिमको उपनियम (१) को व्यवस्था गर्नु पर्नेः<br>"(१) प्रतिनिधि सभा वा यसका समितिको काम कारवाही नेपाली भाषामा हुनेछ तर प्रतिनिधि सभा सदस्यले आफ्नो मातृभाषा वा रोजेको भाषामा आफ्नो मन्तव्य राख्न सक्नेछन्। कुनै सदस्यले नेपाली भाषा बाहेकका भाषामा बोलेको अवस्थामा त्यसलाई अभिलेख राख्ने व्यवस्था मिलाउन सकिनेछ।" |
| ५२. | मा. श्री चन्द्र कान्त राउत | २४२ | प्रतिवेदनको नियम २४२ को उपनियम (१) को सट्टा देहायबमोजिमको उपनियम (१) को व्यवस्था गर्नु पर्नेः<br>"(१) सदस्यले आफ्नो रोजाइको वा आ-आफ्नो संस्कृति झल्किने पोशाक लगाउन सक्नेछन।" |
| ५३. | मा. श्री दामोदर पौडेल बैरागी | २४५ | प्रतिवेदनको नियम २४५ को उपनियम (१) मा रहेको "कार्यव्यवस्था परामर्श समितिको परामर्शमा" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| ५४. | मा. श्री दामोदर पौडेल बैरागी | २४६ | प्रतिवेदनको नियम २४६ को उपनियम (१) पछि देहायबमोजिमको उपनियम (२) थप गरी अन्य उपनियमहरुलाइ सोही बमोजिमको उपनियमक्रम मिलाउनु पर्नेः<br>"(२) उपनियम (१) बमोजिमको अवस्थामा समितिको बैठक बस्नु परेमा सम्बन्धित समितिको सभापतिले सभामुखलाई जानकारी गराई निर्देशानुसार गर्नु पर्नेछ।" |
| ५५. | मा. श्री प्रेम सुवाल | २४८ | प्रतिवेदनको नियम २४८ को उपनियम (३) मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"फौजदारी अभियोग लागेका सदस्यलाई अदालतको आदेशानुसार पुर्पक्षको लागि थुनामा राखी कार्वाई हुने भए स्वतः निलम्वन हुनेछ र निजको पारिश्रमिक र सुविधा स्थगित हुनेछ।" |
| ५६. | मा. श्री प्रेम सुवाल | २४८ | प्रतिवेदनको नियम २४८ को उपनियम (४) मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"फौजदारी मुद्दामा अदालतको फैसलाले कैद सजाय हुने ठहर भएको सदस्यको स्थान रिक्त |

| | | | |
|---|---|---|---|
| | | | हुनेछ" |
| ५७. | मा. श्री प्रेम सुवाल | २४९ | प्रतिवेदनको नियम २४९ मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"सदस्य र कर्मचारीको औपचारिक र अनौपचाकि विदेश भ्रमणको अभिलेख संसद सचिवालयमा रहने छ र ६–६ महिनामा संसदमा जानकारी गराइने छ । स्वार्थ समूहसंग जोडिएका सदस्यलाई सम्वन्धित समिति सदस्य र मन्त्रालयको मन्त्री बनाइने छैन" |
| ५८. | मा. श्री सुमना श्रेष्ठ | २५५ | प्रतिवेदनको नियम २५५ को सट्टा देहायबमोजिमको नियम २५५ को व्यवस्था गर्नु पर्नेः<br>"२५५. **कार्यतालिका बनाई लागू गर्नु पर्नेः** सभाले सुव्यवस्थित ढङ्गले कार्यसम्पादन गर्ने सम्बन्धमा कार्यतालिका बनाई लागू गर्नु पर्नेछ।" |
| ५९. | मा. श्री प्रतिमा गौतम | २५६ | प्रतिवेदनको नियम २५६ को सट्टा देहायबमोजिमको नियम २५६ को व्यवस्था गर्नु पर्नेः<br>"२५६. **परामर्श लिन सकिनेः** प्रतिनिधि सभा, संसदिय समिति, पदाधिकारी एवं सदस्यले आफ्नो कामकारवाहिको सिलसिलामा सभाका पूर्व सदस्यहरु वा पूर्व सदस्यहरुको संगठित संस्था पूर्व सांसद मञ्च नेपाल संग राय परामर्श लिन सक्नेछ।" |
| ६०. | मा. श्री श्याम कुमार घिमिरे | २५६ | प्रतिवेदनको नियम २५६ को सट्टा देहायबमोजिमको नियम २५६ को व्यवस्था गर्नु पर्नेः<br>"२५६. **परामर्श लिन सकिनेः** प्रतिनिधि सभा, संसदिय समिति, पदाधिकारी र सदस्यले आफ्नो कामकारवाहिको सिलसिलामा सभाका पूर्व सदस्यहरु वा पूर्व सदस्यहरुको संगठित संस्था पूर्व सांसद मञ्च नेपाल संग राय परामर्श लिन सक्नेछ।" |
| ६१. | मा. श्री श्याम कुमार घिमिरे | - | "प्रतिनिधि सभा नियमावलीका सबै खण्डहरुमा सभामुख, उपसभामुख एवं माननीय सदस्यहरुलाई प्रयोग भएका सबै पदावलीहरुमा "छ" भन्ने शब्दहरुको प्रयोग गरिएको हुँदा नेपाली शब्दभण्डार अनुसार बहुबचन एवं आदरार्थी शब्दको प्रयोग गर्दा कम्तीमा पनि "छन्" भन्ने शब्दको प्रयोग गर्न आवश्यक भएको हुदा सोही अनुसार संशोधन गर्नुपर्ने" |
| ६२. | मा. श्री राजेन्द्र कुमार केसी,<br>मा. श्री संजय कुमार गौतम | २५६ | प्रतिवेदनको नियम २५६ को सट्टा देहायबमोजिमको नियम २५६ को व्यवस्था गर्नु पर्नेः<br>"२५६. **परामर्श लिन सकिनेः** प्रतिनिधि सभा, संसदिय समिति, पदाधिकारी र सदस्यले आफ्नो कामकारवाहिको सिलसिलामा सभाका पूर्व सदस्यहरु वा पूर्व सदस्यहरुको संगठित संस्था पूर्व सांसद मञ्च नेपाल संग राय परामर्श लिन सक्नेछ।" |

| | | | |
|---|---|---|---|
| ६३. | मा. श्री रुपा सोसी चौधरी, मा. श्री नारायणी शर्मा | २५६ | प्रतिवेदनको नियम २५६ मा "संस्था" भन्ने शब्द पछि "पूर्व सांसद मञ्च, नेपाल समेत" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| ६४. | मा. श्री आरजु राणा देउवा | २५७ | **<u>नियम २५७ मा संशोधनः</u>**<br>१. प्रतिवेदनको नियम २५७ को शिर्षकमा "महिला इकाई" भन्ने शब्दहरुको सट्टा "महिला समन्वय समिति" भन्ने शब्दहरु राखुपर्ने ।<br>२. नियम २५७ को उपनियम (१) मा "सभामुख वा उपसभामुखको" भन्ने शब्दहरुको सट्टा "महिला सदस्यको" भन्ने शब्दहरु राखु पर्ने साथै सोही उपनियमको "इकाई" भन्ने शब्दको सट्टा "समन्वय समिति" भन्ने शब्दहरु राखुपर्ने ।<br>३. नियम २५७ को उपनियम (२) मा "इकाईमा" भन्ने शब्दको सट्टा "समन्वय समितिमा" भन्ने शब्दहरु राखुपर्ने । |
| ६५. | मा. श्री चन्द्र कान्त राउत | २६२ | प्रतिवेदनको नियम २६२ मा रहेको "यस सम्बन्धमा कुनै पनि अदालतमा प्रश्न उठाउन पाइने छैन" भन्ने वाक्यांश हटाउनु पर्ने । |

**क्र.स. १ देखि ६५ सम्मका संशोधनहरू छलफलका लागि स्वीकृत ।**

........................

**(देवराज घिमिरे)**

**सभामुख**